नीतिगत बहश श्रृङ्खला १३
आश्विन २०६५

# सामुदायिक वन: एक करोड जनताको सामुहिक अभियान

(राज्य पुनर्संरचनाको लागि नेपालको मौलिक अभ्यास)



सामुदायिक वन बन्नु अघि (२०४५) र सामुदायिक वन बने पछि (२०६२) को अवस्था - नाम्दु, दोलखा

## परिचय

नेपालमा नयाँ संविधान निर्माणको क्रम अगाडि बढिरहेको छ। यसबेला नेपालले यसअघि सुशासन र स्रोत व्यवस्थापनमा हासिल गरेका उपलब्धिमाथि फर्केर हेर्न जरुरी छ। यसरी हेर्दा हाम्रा अगाडि स्थानीय विकास र सामुदायिक सुशासनका सन्दर्भमा स्थानीय समुदायले हासिल गरेका प्रशस्त उपलब्धि र सकारात्मक पहलका नमूनाहरू छन्। वनको संरक्षण र विकासमा विकेन्द्रीकरणको नीतिका आधारमा समुदायलाई केही अधिकार प्रदान गरिएकोले यी सफलताहरू सम्भव भएका हुन्। नयाँ संविधान निर्माणका क्रममा प्राकृतिक स्रोत व्यवस्थापन गर्ने समुदायलाई हालसम्म प्राप्त भएका अधिकारहरूको रक्षा र थप अधिकार समेत प्रदान होस् भन्ने उद्देश्यले बहस उठान गर्न यो नीतिपत्र तयार पारिएको हो।

## समुदायद्वारा व्यवस्थित वन: एक सफल अभियान

नेपालमा सामुदायिक वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, मध्यवर्ती सामुदायिक वन र समुदायमा आधारित संरक्षण क्षेत्रको माध्यमबाट कूल वन क्षेत्रको करिब २५ प्रतिशत (१२.५ लाख हेक्टर) वन स्थानीय समुदायले व्यवस्थापन गर्दै आएका छन्, जसमा लगभग एक करोड (४० प्रतिशत) जनसंख्या समेटिएको छ। हालसालैका अध्ययनहरूले स्थानीय समुदायको पहलमा संरक्षण गरिएका तराई लगायत अन्य क्षेत्रका वनहरूको गुणस्तर र हैसियतमा सुधार हुँदै आएको र सरकारद्वारा व्यवस्थित वनहरू भने झनझन् विनाश हुँदै गैरहेको देखाएका छन्। वन क्षेत्रमा विकेन्द्रीकरणको अवधारणा अवलम्बन गर्दा निर्वाहमुखी

**सारांश**

- समुदायले अधिकार र अवसर पाएमा स्थानीय स्तरमा साँचो अर्थमा सुशासन आउन सक्छ भन्ने कुरा सामुदायिक वन (सा.व.) को सफलताले देखाएको छ। त्यसैले वन स्रोतका मालिक र व्यवस्थापक जनता हुन् भन्ने कुरालाई आत्मसात गर्दै हाम्रा नीति नियमहरू निर्माण गरौं।
- केन्द्रीकृत वन व्यवस्थापन पद्धतिको असफलताको कारण जनताको सहभागिताको महत्वलाई आत्मसात गरेर नै सामुदायिक वनको अवधारणा आएको हो।
- आजभन्दा दुई दशक अघिसम्मका नाङ्गा डाँडाकाँडाहरू सामुदायिक वन अभियानले हराभरा हुनुका साथै वनजन्य उत्पादन र वन्यजन्तुमा वृद्धि भएको छ।
- हालसालैका अध्ययनहरूले तराई क्षेत्रमा समेत सा.व.को रूपमा सुम्पिएका वा जनताद्वारा संरक्षण गरिएका वनहरूको हैसियत सुधिँदै गएको तर सरकारद्वारा व्यवस्थित वनको अवस्था ह्रास हुँदै गएको देखाएका छन्।
- सा.व. मार्फत वार्षिक करोडौं रूपैयाँ आम्दानी गरी स्थानीय समुदायले बाटोघाटो, पुलपुलेसो, खानेपानी, स्कूल लगायतका विकास निर्माणका कार्यक्रम सञ्चालन गरिरहेका छन्।
- करिब एक करोड जनताहरू सा.व. अभियानमा सहभागी छन्, यसमा आधा भन्दा बढी गरिब जनताहरू सामेल छन्।
- सा.व. समूहहरूले समावेशी र लोकतान्त्रिक विधिहरू अपनाउँछन्। सा.व.को सिको अन्य क्षेत्रहरूमा समेत फैलिएको छ। न्यायोचित वितरण प्रणाली अपनाएर गरिब र सिमान्तकृत वर्गको पहुँच बढाउन सा.व. उपभोक्ता समूहहरू लागिपरेका छन्।

व्यवस्थापनको धारणा राखिएको भएता पनि स्थानीय समुदायले वनको व्यवस्थापन गरी प्राप्त वन पैदावार र त्यसमा आधारित उद्यम संचालन गरी उल्लेख्य रुपमा आर्थिक लाभ गर्न सफल भएका छन्।



विभिन्न शिर्षकहरुमा भएको जम्मा खर्च रु. ४६ करोड

***स्थानीय विकासमा सामुदायिक वनको योगदान:*** पछिल्लो अध्ययनअनुसार वन उपभोक्ता समूहले आफ्नो कुल आम्दानीको औसत ३६ प्रतिशत रकम शिक्षा, सडक, सामुदायिक भवन, खानेपानी, सामुदायिक विद्युतीकरण जस्ता सामुदायिक विकासका क्षेत्रमा खर्च गर्दै आएका छन्। समुदायद्वारा विपन्न वर्गको जीविकोपार्जनका लागि गरिएको लगानीले विपन्नता न्यूनीकरणसम्बन्धी राष्ट्रिय विकासको लक्ष्यमा महत्वपूर्ण सहयोग मिलेको छ। पछिल्ला अध्ययनहरूले देखाए अनुसार वन, शिक्षा, स्वास्थ्य, अर्थ, भौतिक निर्माण लगायत २० वटा जति सरकारी निकायहरूले गर्ने कामहरू वन उपभोक्ता समूहहरूले गर्दै आएका छन्। स्थानीय निकाय र वन उपभोक्ता समूहका बीचमा साझेदारी गरी सञ्चालन गरिने कार्यक्रमका लागि विभिन्न किसिमका उपभोक्ता समूहको तर्फबाट व्यहोरिने रकममा सामुदायिक वनको आम्दानीले ठूलो हिस्सा ओगटेको छ। त्यसैले स्थानीय निकायको विकास कार्यमा पनि सामुदायिक वन उपभोक्ता समूह महत्वपूर्ण साझेदार बन्दै आएका छन्।

***सामुदायिक वन मार्फत गरिबी न्यूनीकरण:*** पूर्वी, मध्य र पश्चिम पहाड एवं तराईका १५ जिल्लाका सा.व.उ.स.हरुको सहभागितामूलक विश्लेषण गर्दा उपभोक्ता समूहका कुल सदस्यमध्ये करिब ४५ प्रतिशत सदस्यहरु विपन्न वर्गका रहेका छन्। उपभोक्ता समूहहरूले सित्तैमा वा सुलभ मूल्यमा वन पैदावार उपलब्ध गराउनुका साथै विपन्न वर्गलाई आय आर्जनको लागि सा.व.को जग्गा उपलब्ध गराउने, बसोबासको व्यवस्था गरिदिने, आय आर्जनका क्रियाकलापमा अनुदान वा न्यून ब्याजदरमा ऋण उपलब्ध गराउने गरिरहेका छन्। यसका अलावा सा.व.का क्रियाकलापहरूबाट सिर्जना भएका रोजगारीमा विपन्नलाई प्राथमिकता दिने, गैहकाष्ठ वन पैदावार विपन्न वर्गबाट संकलन गर्न लगाउने र उद्यमहरूमा विपन्नहरूलाई निःशुल्क अंशियार बनाउने जस्ता कामहरू भैरहेका छन्। यी क्रियाकलापहरू परीक्षणको रुपमा विभिन्न समूहहरूले सञ्चालन गरिरहेका भए पनि नीतिगत रुपमा स्पष्ट व्यवस्था नभएका कारण समूहको आम्दानीको जम्मा ३ प्रतिशत रकम मात्र गरिबी निवारणमा खर्च भएको देखिन्छ। देशभरि सञ्चालन भैरहेका यस्ता अभ्यासहरूबाट भएका सिकाइलाई व्यापक बनाउन सकेमा सा.व. मार्फत गरिबी न्यूनीकरणमा प्रशस्त योगदान पुग्न जाने देखिन्छ। यसै कुरालाई मध्यनजर गर्दै बहुसरोकारवाला संयन्त्र मार्फत हाले परिमार्जन गरिएको सा.व. विकास मार्गदर्शनमा प्रत्येक समूहले आफ्नो आम्दानीको कम्तीमा ३५ प्रतिशत रकम गरिबमुखी कार्यक्रममा खर्च गर्नु पर्ने व्यवस्था गरिएको छ।



> **समावेशीकरण**
>
> २०६२ सालमा नेपालको सबै भौगोलिक एवं विकास क्षेत्रहरूको प्रतिनिधित्व गर्ने २७४ वटा समूहमा गरिएको अध्ययनअनुसार उक्त समूहमध्ये ४५ प्रतिशत समूहको कार्यसमितिमा विपन्न वर्गको प्रतिनिधित्व गराउने, ४९ प्रतिशत समूहको कार्यसमितिमा पछाडि पारिएको जाति र आदिवासी समुदायको प्रतिनिधित्व गराउने कुरा उल्लेख गरिएको थियो। यस्तै २०६२ मा तराई र पहाडका ७ वटा जिल्लाका समूहहरूमा गरिएको अध्ययनअनुसार उपभोक्ता समूहको कार्यसमितिमा ५० प्रतिशत दलित, ४५ प्रतिशत जनजाति र ४५ प्रतिशत अन्य जातिको प्रतिनिधित्व भएको पाइएको थियो।

***सामुदायिक वन र समावेशीकरण:*** सामाजिक समावेशीकरण र समानुपातिक प्रतिनिधित्वका सन्दर्भमा सामुदायले गरेका अभ्यास र उपलब्धिहरू अझ अनुकरणीय छन्। सामुदायिक वनको माध्यमबाट ४० हजार भन्दा धेरै महिलाहरू समुदायको नेतृत्व तहमा पुगेका छन्। सामुदायिक वनको नेतृत्वमा रहेका महिलाहरूले विभिन्न राजनैतिक दल, स्थानीय निकाय र नागरिक समाजको नेतृत्वदायी भूमिका प्राप्त गर्न समेत सफल भएका छन्। समावेशीकरणको दृष्टिले अन्य सामुदायिक संस्थाहरूको तुलनामा सामुदायिक वन उपभोक्ता समूहलाई बढी समावेशी मान्ने गरिन्छ। उपभोक्ता समूहमा दलित एवं आदीवासी समुदायको प्रतिनिधित्व पनि हालेका वर्षहरूमा क्रमशः विस्तार हुँदै गएको छ। समूहले वनबाट टाढा रहेका वन उपभोक्ताहरूलाई वन पैदावार माथिको पहुँच खुला गर्ने र आम्दानीको न्यायोचित हिस्सासमेत यस्ता समुदायमा प्रवाह गर्ने जस्ता क्षेत्रीय न्यायोचितता सुनिश्चित गर्ने कामको शुरुवात गरेका छन्।

***सामुदायिक वन र नेतृत्व विकास:*** नेपालमा वन उपभोक्ता समूहका महिला पुरुष गरी करिब १,५८,००० भन्दा धेरै मानिसहरूले

समूहको नेतृत्व गरिहेका छन्, जुन सम्बन्धित समूह र राष्ट्रकै मानवीय स्रोतको रुपमा विकास हुँदै आएको छ । उपभोक्ता समूहको माध्यमबाट स्थानीय स्तरमा सबैभन्दा धेरै उत्पादन भएको मानवीय स्रोत सामाजिक परिचालक हो, जसको संख्या नेपालभर लगभग १५ हजारको हाराहारीमा रहेको छ । त्यस्तै नेपालभर काष्ठ तथा जडीबुटी एवं अन्य गैरकाष्ठ वन पैदावारको व्यवस्थापन र बजारीकरण मार्फत सयौं मानिसहरूले आफ्नो ज्ञान र सीप अभिवृद्धि गर्ने अवसर पाएका छन् । यस्तो मानवीय स्रोतले विकास र सामाजिक रुपान्तरणका अभियानहरूमा स्थानीय जनतालाई सङ्गठित गर्नमा मद्दत गर्दै आएको छ ।



***सामुदायिक वन र स्थानीय सुशासन:*** अधिकांश उपभोक्ता समूहले विधानअनुसार आवधिक रुपमा निर्वाचन वा सहमति मार्फत नेतृत्व चयन गर्ने र आवश्यक परेको बेला जुनसुकै बखत फिर्ता बोलाउन सक्ने हुँदा यी समूहले उन्नत स्तरको लोकतान्त्रिक अभ्यास गरेका छन् । आम सहमतीबाट निर्णय गर्ने परिपाटीले सहमतिको राजनीति सिकाएको छ । त्यसैले द्वन्द्वका कारण स्थानीय निकायहरू समेत निष्क्रिय भएको अवस्थामा ग्रामीण क्षेत्रमा स्थानीय सुशासन र स्थानीय विकासमा उपभोक्ता समूहले नेतृत्व प्रदान गर्दै आएका थिए भन्ने कुरा थुप्रै अध्ययनहरूले पुष्टि गरेका छन् । सशस्त्र द्वन्दबाट प्रभावितहरूको पुनर्स्थापना, राहत र सामाजिकीकरणमा पनि उपभोक्ता समूहले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यसरी स्थानीय सुशासन, विवाद व्यवस्थापन र शान्ति स्थापना एवं स्थानीय अर्थतन्त्र र उद्यम विकासका क्षेत्रमा पनि समुदायले उल्लेखनीय सफलता हासिल गरेका छन् । यस्तो अभ्यासलाई समुदायमा आधारित अन्य प्राकृतिक स्रोत व्यवस्थापन पद्धतिमा पनि अनुसरण गरिएको छ ।

***सामुदायिक वनबाट वातावरणीय सेवा बिक्रिमा:*** वन संरक्षणको माध्यमबाट प्रत्यक्ष रुपमा घाँस, दाउरा, काठ, सोतर, जडिबुटी लगायतका प्रत्यक्ष उपभोग हुने वस्तु बाहेक वायु शुद्ध पार्ने, तल्लो तटीय क्षेत्र संरक्षण गर्ने, जलाधार संरक्षण गरी भू–क्षय रोक्नुका साथै पानीको मात्रा एवं गुणस्तर बढाउन सहयोग गर्ने र जलवायु परिवर्तनको कारक मानिएको वायुमण्डलीय कार्बनलाई संचित गर्दछ । हाल आएर वनले संचित गर्ने कार्बनलाई मूल्याङ्कन गरी कार्बन उत्सर्जन गर्ने कम्पनीहरूले त्यसलाई किन्ने गरी अन्तर्राष्ट्रिय बजारको विकास भैरहेकोछ । नेपालमा भएका सा.व.हरूले त्यस बजारमा प्रवेश पाएमा त्यसबाट प्रति हेक्टर वार्षिक करिब रु. ६ हजार प्राप्त गर्न सक्ने देखिन्छ । यस हिसाबले नेपालका सा.व.हरूले वार्षिक करिब रु. ६.५ अरब आम्दानी लिन सक्ने देखिन्छ । तर यसको लागि सरकारी र गैरसरकारी क्षेत्रबाट समुदायलाई अन्तर्राष्ट्रिय बजारसम्मको पहुँच बढाउन र उनीहरूको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउनु जरुरी छ । त्यस्तै सा.व.उ.स.ले जलविद्युत केन्द्रहरुको उपल्लो तटीय क्षेत्रमा जलाधार संरक्षण गरी प्रशस्त आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।



## चुनौतीहरू

विगत बीस वर्षभन्दा कम अवधिमा नेपालका एक करोड मानिसहरू सामुदायिक वन विकासको अभियानमा सामेल भैसकेका छन् र हजारौं अरु सामेल हुने तरखरमा छन् । वनको आसपासमा बस्ने र वनमा प्रत्यक्ष रुपमा निर्भर जनताहरूले कुशलतापूर्वक वनको संरक्षण गरेका छन्, नाङ्गा डाँडाकाँडाहरूलाई हराभरा बनाएका छन्, वन पैदावारको उपयोग गरेका छन् र वनबाट आम्दानी गरेर सामुदायिक विकासका कामहरू गरेका छन् । तथापि समुदायको यो अभियानलाई कमजोर पार्ने खालका विभिन्न चुनौतीहरू अझै विद्यमान छन् ।

***विरोधाभाषी व्यवस्थाहरू:*** स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायलाई स्वायत्तता दिने प्रयास गरेको भएपनि यसलाई कार्यान्वयन गर्ने सवालमा थुप्रै बाधा अड्चनहरू आइलागे । त्यस मध्ये कानुनी विरोधाभाष, स्थानीय निकाय पदाधिकारी विहीन हुनु, यस ऐनसँग बाझिने प्रावधानमा सामन्जस्यता नल्याइनु जस्ता सवालहरू प्रमुख हुन् । प्राकृतिक स्रोतहरूमाथिको स्वामित्व र व्यवस्थापनका विषयमा स्थानीय स्वायत्त शासन ऐन र अन्य क्षेत्रगत कानुनका बीचमा विरोधाभाष रहेकाले सोमा सामन्जस्यता ल्याउन व्यावहारिक रुपमा अझै पहल हुन सकेको छैन । यसले स्थानीय निकाय र स्थानीय समुदायलाई कमजोर बनाउने र केन्द्रीय सत्ता शक्तिशाली भइरहने मानसिकताको झलक दिन्छ ।

***ओझेलमा स्थानीयता:*** नेपालको लोकतान्त्रिक आन्दोलन र संविधान सभाको निर्वाचन सम्पन्न गराउनमा स्थानीय निकाय र स्थानीय समुदायले उल्लेखनीय भूमिका निर्वाह गरेका थिए । त्यसैले संविधान सभाको माध्यमबाट तर्जुमा गरिने नयाँ संविधानमा स्थानीय निकाय र स्थानीय समुदायले आफ्नो स्वायत्तता र अधिकार सुनिश्चित हुने नै छ भन्ने अपेक्षा गर्नु स्वाभाविक

हो । यद्यपि, नयाँ संविधान निर्माणको सँघारमा उभिइरहँदा पनि हाम्रा समग्र बहसहरू संघ (केन्द्र सरकार) र राज्य (प्रदेश/प्रान्त) का बीचको अधिकार बाँडफाँडको विषयमा मात्र केन्द्रित देखिन्छन् । स्थानीय निकाय र स्थानीय समुदायको स्वायत्तता र अधिकार बाँडफाँडका विषयहरू ओझेलमा परिरहेका छन् ।

***अधिकार कटौतीको सम्भावना:*** नयाँ संविधान निर्माणका लागि अवलम्बन गरिने सार्वजनिक परामर्शको प्रक्रिया सुनिश्चित नभएकाले संविधान सभा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दामा केन्द्रित छ । यो प्रक्रियाले सभासदहरूको स्थानीय जनतासँगको निरन्तर सम्पर्क, जनसमुदायका चाहनाहरूको सुनुवाई र जनताको पृष्ठपोषणलाई कमजोर बनाउँदैछ । यसबाट संविधान निर्माणको बहसमा स्थानीय निकाय र स्थानीय समुदायको अधिकार र स्वायत्तताको मुद्दा कमजोर बन्दै जाने, यो सवालले कम प्राथमिकता पाउने वा ओझेलमा पर्ने र हालसम्मका अभियानबाट प्राप्त स्थानीय निकाय एवं स्थानीय समुदायका अधिकार कटौति हुने सम्भावना रहन्छ ।

## आगामी कदमहरू

***समुदायको तहलाई संवैधानिक मान्यता दिने:*** नयाँ संविधान र राज्यका समग्र कानुन र नीतिहरूले संघ (केन्द्र सरकार) र राज्य (प्रदेश/प्रान्तीय सरकार), स्थानीय निकाय र समुदाय गरी चारवटा तहलाई स्वीकार गर्दै ती तहहरूका बीचको शक्तिसम्बन्ध र सन्तुलनको स्पष्ट परिभाषा गर्नु जरुरी छ । त्यसमा पनि स्थानीय विकास र स्थानीय प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका लागि खासगरी स्थानीय निकाय र समुदायको अधिकारलाई व्यापक बनाउनुपर्छ ।

***समुदायमा आधारित स्रोत व्यवस्थापन पद्धतिलाई प्राथमिकता दिने:*** वन लगायतका प्राकृतिक स्रोतको व्यवस्थापनमा समुदायको सहभागितालाई सुनिश्चित गर्नको लागि संवैधानिक रुपमा नै समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापन पद्धतिलाई राष्ट्रिय प्राथमिकता प्राप्त पद्धतिको रुपमा अंगीकार गरिनुपर्दछ ।

***संघ, राज्य र सरकारको भूमिका:*** संघ (केन्द्रीय सरकार) र राज्य (प्रदेश/प्रान्तीय सरकार) ले वन लगायतका प्राकृतिक स्रोत माथिको स्थानीय समुदायको अधिकारलाई सुनिश्चित गर्दै यस्ता स्रोतहरूको व्यवस्थापनबाट प्राप्त फाइदाको ठूलो र न्यायोचित हिस्सा स्थानीय समुदाय र स्थानीय निकायमा पुऱ्याउनका लागि सहयोगी एवं सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ । स्थानीय निकायले सम्बन्धित समुदायको आपसी सहमतिमा सहभागीतामूलक कर निर्धारण गर्ने कानुनी व्यवस्था हुनु पर्दछ । त्यस्तै संघ (केन्द्र सरकार) ले राज्यहरूको बीच प्राकृतिक स्रोतको उपयोगका



क्रममा देखा पर्ने वातावरणीय जोखिम र फाइदाको समन्यायिक बाँडफाँड हुने गरी करको निर्धारण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

***सामुदायिक वनलाई गरिबमुखि र समावेशी बनाउने:*** सामुदायिक वन सम्बन्धि नीति नियम र अभ्यासहरू गरिबमुखि र समावेशी बनाउन स्पष्ट कानुनी र व्यवहारिक व्यवस्था हुनु पर्दछ । गरिबी निवारणका कार्यक्रमहरूमा निश्चित रकम छुट्याउने व्यवस्था हुनु जरुरी छ । विगतको अनुभवलाई मध्यनजर गर्दै सा.व.उ.स.को आम्दानीको कम्तीमा २५ प्रतिशत रकम गरिबी निवारणमा छुट्याउने सा.व. मार्गदर्शनमा उल्लेखित व्यवस्थालाई कार्यान्वयन गर्नुपर्छ ।

***समावेशी नीति निर्माण प्रक्रिया तथा सहकार्य:*** सामुदायिक वनको नीति निर्माण प्रकृयालाई समावेशी र अन्तर्क्रियात्मक बनाउनु पर्छ । वन विकास गुरुयोजना लगायतका नीतिहरू पुनरावलोकन गर्ने प्रकृयाको थालनी गर्नुपर्छ र सो क्रममा सा.व.का सरोकारवालाहरू बिचको सहकार्य अपरिहार्य बनाइनु पर्दछ । साथै सामुदायिक वन उपभोक्ता समूहबाट अपेक्षा गरिएको बहुपक्षीय सेवाको मागलाई पूर्ति गर्न स्थानीय क्षमता अभिवृद्धि गर्नुका साथै निजी र गैर सरकारी सेवा प्रदायकको भूमिकालाई पहिचान र उपयोग गर्न आवश्यक रणनीति बनाइ लागु गर्नुपर्छ ।

यस नीतिपत्रमा उल्लेखित विषयहरूमा थप जानकारी चाहिएमा तल उल्लेखित व्यक्तिहरूलाई सम्पर्क राख्न सकिने छ ।

मणिराम बन्जाडे
फरेष्टएक्सन नेपाल
पो.ब.नं. १२२०७, काठमाडौं
फोन नं. ०१ ४४२०६३१

रामु सुवेदी
एल.एफ.पी.
पो.ब.नं. १०६, काठमाडौं
फोन नं. ०१ ४४१०६४०

भिराज सुवाल
सा.व.उ. महासंघ
पो.ब.नं. ८२१९, काठमाडौं
फोन नं. ०१ ४४८४२६२

बालाराम कंडेल
सा.व.महाशाखा, वन विभाग
बबरमहल, काठमाडौं
फोन नं. ०१ ४२२४९०२